TUTA Journal Vol. 11-12(1), 2023/2024 ISSN : 23508892

# यो प्रेम ! नाटकमा मनोविश्लेषण

**डा. दुर्गाबहादुर घर्ती**
**सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि. वि.**
Email : durgagharti@gmail.com

**सार**

गोपालप्रसाद रिमालको यो प्रेम ! नाटकको मनोविश्लेषणात्मक अध्ययन गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य हो। प्रस्तुत नाटक पात्रका समस्याको उद्घाटनमा केन्द्रित छ। नाटकका पात्रले भोगेका समस्या बाह्य र आन्तरिक दुवै प्रकारका परिस्थितिसँग सम्बन्धित छन्। बाह्य समस्या सामाजिक, सांस्कृतिक र आर्थिक प्रकारका छन् भने आन्तरिक समस्या मनोवैज्ञानिक प्रकारको छ। मनोविज्ञानका विभिन्न सम्प्रदायहरू छन् र तीमध्ये सिग्मन्ड फ्रायडद्वारा स्थापित मनोविश्लेषण सर्वाधिक चर्चित छ। प्रस्तुत नाटकका पात्रले भोगेका आन्तरिक समस्या मनोविश्लेषणका दृष्टिले उल्लेखनीय छन्। फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त अचेतनको अवधारणामा आधारित छ। मनोविश्लेषणात्मक सिद्धान्तको विकासमा अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्गका मान्यता पनि महत्त्वपूर्ण छन्। एडलरको वैयक्तिक मनोविज्ञान हीनताग्रन्थिको अवधारणामा आधारित छ र युङ्गको विश्लेषणात्मक मनोविज्ञान आद्यस्वरूपको अवधारणामा आधारित छ। तिनै मान्यताहरूका आधारमा यस अध्ययनमा सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ र अचेतन, हीनताग्रन्थि र आद्यस्वरूलाई अध्ययनको मुख्य पक्ष बनाइएको छ। प्रस्तुत नाटकका पात्रको मनोविश्लेषणद्वारा उनीहरू अचेतनका प्रेरणाद्वारा गतिशील देखिन्छ। विगतमा आफूद्वारा गरिएका इच्छा, विचार र व्यवहारका कारण उनीहरू हीनताग्रन्थिले ग्रस्त बनेका छन्। उनीहरूमा आनुवंशिक गुण पनि उत्तिकै प्रबल देखिन्छ। यिनै कुराहरूको विमर्शमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ। अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ र सामग्रीको विश्लेषण गुणात्मक पद्धतिअन्तर्गत विषयवस्तु विश्लेषण विधिमा गरिएको छ। मनोविश्लेषणमा केन्द्रित रहेर यसपूर्व गहन र सूक्ष्म अध्ययन नभएकाले यस विषयलाई अध्ययनको समस्या बनाइएको हो। मनोविश्लेषणको प्रयोगले प्रस्तुत नाटक गहन, सूक्ष्म, प्रतीकात्मक एवम् अर्थपूर्ण बन्नपुगेको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ।

*शब्दकुञ्जी* : अचेतन, आद्यस्वरूप, नैतिकता, सहज प्रेम, हीनताग्रन्थि

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०८/१२, लेख पुनरावलोकन मिति : २०८१/०१/१४, लेख स्वीकृत मिति : २०८१/०५/१४ ।
**प्रकाशक** : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति।

## परिचय

गोपालप्रसाद रिमाल (१९७५–२०३०) को यो प्रेम ! (२०१५) समस्यामूलक नाटक हो। यसमा पात्रका सामाजिक एवम् मनोवैज्ञानिक समस्या प्रस्तुत गरिएको छ। सामाजिक समस्या बाह्य परिस्थितिसँग र मनोवैज्ञानिक समस्या आन्तरिक समस्यासँग सम्बन्धित हुन्छ। नेपाली नाट्यपरम्परामा मनोविज्ञानको बालकृष्ण समद्वारा हुन थालेको देखिन्छ। तर नैतिक चेतना र सुधारतर्फको रुचिले उनका नाटक आदर्शतर्फ झुकेका छन्। विलियम शेक्सपियरको नाट्यशैली अँगाल्ने समका प्रवृत्तिलाई छोडेर रिमाल इब्सेनेली समस्या नाटकबाट प्रेरितप्रभावित देखिन्छन्। पद्य संवादको परित्याग, सामान्य बोलिचालीको भाषाको प्रयोग, देशको राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्यविरोध, सतही यथार्थभन्दा आन्तरिक यथार्थ, सामाजिक परिवर्तनको विचार इब्सेनेली नाटकमा पाइने मुख्य विशेषता हुन्। समस्यामूलक नाटकमा इब्सेनका साथै एन्तोन

चेखव र अगस्ट स्ट्रिन्डबर्ग पनि उल्लेखनीय छन् । चेखोबले निराशा र दिकदारीले भरिएको जीवनको चित्रण र स्ट्रिन्डबर्गले फ्रायडीय मनोविश्लेषणको प्रयोग गरेका छन् । रिमालको यो प्रेम ! नाटकमा यी प्रवृत्तिहरूको प्रयोग पाइन्छ । त्यसैले यो नाटक मनोविश्लेषणात्मक बन्न पुगेको छ । मनोविश्लेषण सिग्मन्ड फ्रायडद्वारा स्थापित मनोवैज्ञानिक सिद्धान्त हो । यो सिद्धान्त मूलतः अचेतनको अवधारणामा आधारित छ । फ्रायडले मूलप्रवृत्ति, व्यक्तिमा अचेतनको प्रेरणा, व्यक्तित्व विकास, अन्तद्र्वन्द्व, अहम् रक्षायुक्ति, स्वप्नसिद्धान्त आदि अवधारणा प्रस्तुत गरेका छन् । फ्रायडका सहकर्मी र पछि आफ्नै मान्यता प्रस्तुत गरेका अल्फ्रेड एडलरले हीनताग्रन्थिलाई व्यक्तिको चालक शक्ति मानेका छन् र कार्ल गुस्ताभ युङ्गले व्यक्तिको व्यवहारलाई आदिम स्वरूपका आधारमा हेरेका छन् । मनोविश्लेषणका यी बृहत्त्रयीका अवधारणा यस नाटकमा प्रतिबिम्बित भएको पाइन्छ । प्रस्तुत नाटकका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा अध्ययन गरेका छन् । तारानाथ शर्मा (२०२५) को 'आधुनिक नेपाली नाटक' शीर्षकको लेखमा घरमा स्वास्नी हुँदाहुँदै पनि अविवाहिता युवतीलाई प्रेममा फँसाई मोज लुट्न खोज्ने पुरुषहरूको प्रवृत्तिका बारेमा, प्रतापचन्द्र प्रधान (२०३२) को 'फ्रायडवादी साहित्यकारको रूपमा रिमाल' शीर्षकको लेखमा पात्रका अतृप्त यौनेच्छाका बारेमा, केशवप्रसाद उपाध्याय (२०३२/२०४९) को रिमाल : व्यक्ति र कृति नामक पुस्तकमा पात्रहरूको मानसिक अवस्था र आनुवंशिक गुणका बारेमा, रत्नध्वज जोशी (२०३७) को नेपाली नाटकको इतिहास नामक पुस्तकमा पुरुषको धूर्तता र नारीको वात्सल्यप्रेमका बारेमा, व्रतराज आचार्य (२०६६) को आधुनिक नेपाली नाटक नामक पुस्तकमा रिमालका नाटकमा बाह्य समस्या मात्र नभएर आन्तरिक समस्याको चित्रण गरिएको बारेमा सामान्य अध्ययन गरेको पाइने भए पनि मनोविश्लेषणात्मक दृष्टिले गहन, सूक्ष्म र विस्तृत अध्ययन हुन सकेको देखिँदैन । त्यही नै प्रस्तुत अध्ययनको शोध अन्तराल हो । त्यही अभावको पूर्ति गर्नु यस अध्ययनको उद्देश्य हो । प्रस्तुत अध्ययन फ्रायड, एडलर र युङ्गका प्रमुख मान्यताका आधारमा यो प्रेम ! नाटकको विवेचनामा सीमित छ ।

*अध्ययनविधि*

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । त्यसका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यबाट गरिएको छ । गोपालप्रसाद रिमालद्वारा यो प्रेम ! नाटक यस अध्ययनको प्राथमिक सामग्री हो । यस नाटकसँग सम्बन्धित पूर्वअध्ययनका सामग्री तथा सैद्धान्तिक सामग्री द्वितीयक सामग्री हुन् । दुवै प्रकारका सामग्रीलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । यसमा विश्लेष्य सामग्रीका शोधसमस्यासँग सम्बन्धित पक्षको मात्र अध्ययन गरिएको छ । सामग्रीको विश्लेषणको सैद्धान्तिक ढाँचा मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । त्यसका लागि सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्गका सिद्धान्तलाई मुख्य आधार बनाइएको छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधराणात्मक ढाँचाको निर्माण गरिएको छ । मनोविश्लेषण यस अध्ययनको मुख्य अवधारणा हो र अचेतनका इच्छा, हीनताग्रन्थि र आद्यस्वरूप त्यसका सूचक हुन् ।

**परिणाम र विमर्श**

प्रस्तुत नाटकमा गङ्गा र शेखरबिचको प्रेम मुख्य विषयवस्तु रहेको छ । उनीहरूका बिच सहज र स्वाभाविक प्रेम भए पनि उनीहरूको विवाह हुन नसकेकाले उनीहरूका इच्छा कुण्ठित हुन पुगेको छ । शेखरले आफ्नी पत्नीबाट र गङ्गाले आफ्नो पतिबाट सन्तुष्टि प्राप्त गर्न नसकेको देखिन्छ । उनीहरूका अचेतनमा दमित इच्छाका कारण उनीहरूलाई परस्पर आकर्षित गरिरहन्छ र अरूप्रति विकर्षण उत्पन्न हुन्छ । पतिबाट मुक्ति पाउनका लागि गङ्गामा र पत्नीलाई आफूबाट पन्छाउने इच्छाका कारणले शेखरमा पापको भावना जागृत हुन्छ । गङ्गाको पति र शेखरकी पत्नीको मृत्यु भएपछि आफ्नो पापभावनाले मृत्यु भएको भन्ने गङ्गा र शेखरमा हीनताग्रन्थिको विकास भएको छ । शेखरमा बहुनारीसम्बन्धको प्रवृत्ति र

गङ्गाको पतिमा विवाहपश्चात् हाँस्न नसक्ने कारण आनुवंशिक प्रकारको देखिन्छ । ती कुरा फ्रायडको अचेतन, एडलरको हीनताग्रन्थि र युङ्गको आद्यस्वरूपको सिद्धान्तका दृष्टिले विश्लेषणीय छन् । तिनको विमर्श तल प्रस्तुत गरिएको छ ।

**अचेतनको इच्छा**

अचेतनको अवधारणा सिग्मन्ड फ्रायडद्वारा स्थापित मनोविश्लेषणको मुख्य आधार हो । फ्रायड (सन् १९१०) का अनुसार अचेतन चेतनमा बिर्सिएका र चेतनबाट दमित भएका कुरा हुन् (पृ. १९३) । यो मानसिक जीवनको गुप्त अवस्था हो । अचेतनमा दमित कुराहरूले प्रभाव उत्पन्न गर्न सक्छन् र कतिपय चेतनमा पुग्न पनि सक्छन् । अचेतनमा पहिला चेतनमा भएका र पछि दमित हुन पुगेका कुरा मात्र नभएर चेतनमा कहिल्यै आउन नपाएका कुराहरू पनि हुन्छन् । ती दुवैथरी कुराहरू चेतनमा रूपान्तरण हुन प्रयत्नशील हुन्छन् तर तिनलाई चेतनमा आउन प्रतिरोध शक्तिले रोक्दछ (फ्रायड, सन् १९५७, पृ. १६६) । त्यसप्रकारका इच्छाहरू घृणित, कष्टकर र लज्जाजनक हुने भएकाले मनका भित्री तहमा दमित गरिएका हुन्छन् । अचेतन मनको सबैभन्दा ठुलो भाग हो । यो दुई प्रकारको हुन्छ, चेतनमा प्रवेश नपाउनेचाहिँ अचेतन र चेतनमा प्रवेश पाउने पूर्वचेतन (फ्रायड, सन् १९५५, पृ. ६०९) । पूर्वचेतन अचेतन र चेतनको मध्यबिन्दु हो । जुन कुरा हामी जान्दछौं", निश्चित रूपमा त्यो चेतन हो (फ्रायड, सन् १९५७, पृ. १६६) । चेतनमा तात्कालिक समय र परिस्थितिको ज्ञान हुन्छ किनभने त्यसको बाहिरी जगत्सँग सम्बन्ध हुन्छ (फ्रायड, सन् १९५५, पृ. ६१०) । चेतनले यसप्रकार मनका तीन तह देखापर्दछन्— अचेतन, पूर्वचेतन वा अवचेचन र चेतन ।

फ्रायडको स्वप्नव्याख्या अचेतनको सिद्धान्तमा आधारित छ । स्वप्नव्याख्या वास्तवमा अचेतनको व्याख्या हो (फ्रायड, सन् १९१०, पृ. २००) । उनका अनुसार सपनाको अर्थ, कारण र प्रयोजन हुन्छ । फ्रायडले सपनालाई मानसिक व्यापार मानेका छन् । सपना अर्थहीन हुँदैन, विसङ्गत हुँदैन । फ्रायडका विचारमा सपनाले विशिष्ट अर्थ बोकेका हुन्छन् । सपना इच्छापूर्तिको माध्यम भएकाले सपनाको सम्बन्ध अचेतनमा दमित अतृप्त इच्छासँग हुन्छ । निद्राको समय जुन उद्दीपकले प्रभाव पार्छ त्यही सपना देखिन्छ (फ्रायड, सन् १९२०, पृ. ७०) । स्वप्नका सबै सामग्री अनुभवबाट उत्पन्न हुने भए पनि सपनाको स्वरूप केही भिन्न, छद्म र प्रतीकात्मक पनि हुन सक्छ र स्वप्न–सेन्सरव्यवस्थाले गर्दा त्यस्तो हुन्छ ।

फ्रायडले पछि आफ्ना कतिपय पूर्ववर्ती मान्यताहरूको संशोधन गरी मनको गत्यात्मक पक्षको व्याख्या गरेका छन् । उनले त्यसलाई अहम्, पराहम् र इदम् भनेका छन् । फ्रायडले इदम्लाई अचेतन र अहम्लाई अवचेतन अर्थात् चेतन र अचेतनबिचको शक्तिका रूपमा प्रस्तुत गरेका छन् । पराहम् अहम्कै अंश हो । इदम् जन्मजात, वंशानुगत एवम् अचेतन स्वरूपको हुन्छ । अहम् इदम्कै भाग हो, तर चेतनका माध्यमबाट बाह्य जगत्को प्रत्यक्ष प्रभावद्वारा संशोधित भएको हुन्छ । पराहम् अहम्को आदर्श हो र यो साधुको स्थानमा रहेको हुन्छ (फ्रायड, सन् १९६०, पृ. २२) । यसको मुख्य काम समाजको रक्षा गर्नु हो ।

यो प्रेम ! नाटक मूलतः गङ्गा र शेखरको प्रेमकथामा आधारित छ । उनीहरूका सम्बन्धसँग जोडिएर अन्य पात्रहरूका प्रसङ्ग पनि आएका छन् । तिनीहरूका माध्यमद्वारा गङ्गा र शेखरको मनोवृत्ति उद्घाटित भएको छ र तिनका आफ्नै चारित्रिक विशेषता पनि विश्लेषणीय छ । धेरैजसो नाटकीय कार्यव्यापार नाटक प्रारम्भ हुनुअघि नै घटित भइसकेका छन् र तिनलाई संस्मरणात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । पूर्वप्रसङ्ग कारणका रूपमा र मञ्चीय कार्यव्यापार परिणामका रूपमा रहेका छन् । शेखर विवाहित पुरुष भएर पनि गङ्गासित प्रेम गर्न थालेको, उसकी पत्नीको मृत्यु भइसकेको, शेखरसँग विवाह हुन नसकेपछि गङ्गाको विवाह अर्कै पुरुषसँग भएको, गङ्गाको छोरा जन्मेको, गङ्गाको लोग्नेको मृत्यु भएको, लोग्नेको बरखी सकिएपछि गङ्गा छोरा लिएर माइत आएकी जस्ता घटना नाटकको आरम्भ हुनुअघि नै घटित भइसकेका छन् । गङ्गा माइत आएकी कुरा शशि र सानुबाबुका संवादबाट थाहा पाइन्छ ।

गङ्गाको बिहे गर्ने कुरा चलेताका ससुराको मृत्यु भएर बिहे एक वर्ष रोकिन गएको बेलामा गङ्गा र शेखरबिच प्रणय सम्बन्ध गाँसिन्छ । सानुबाबु र शेखर प्रेम अन्धो हुन्छ र त्यसलाई तर्कले व्याख्या गर्न सकिँदैन भन्ने ठान्दछन् (शर्मा, २०२५, पृ. ४७२) । शेखर र गङ्गाको अन्धो भनिएको सहजात प्रेम कसैबाट छिप्दैन पनि ।उनीहरूले केकसो गर्छन् भनेर गङ्गाकी आमाले शशिलाई चेवा गरी बुझ्न लगाउँछे । गङ्गा र शेखरले आँखा जुधाएको, हाँसाहाँस गरेको कुरामा रिस उठेर भए नभएको कुरा जोरी आमालाई लाइदिने र आमाले गङ्गालाई पिट्ने गरेको कुरा शशिले सानुबाबुसँग सुनाउँछे । उनीहरूको प्रणयव्यवहार सुनाउँदै शशि भन्छे :

> साँच्चै एक दिन क्या, शेखर र गङ्गा तल मटानमा एउटा एकातिर अर्को अर्कोतिर बसेर हेराहेर गर्न लागेका रहेछन् । मेरो त काम उही हो, चेवा गर्ने, एकातिरबाट के के गर्छन् भनेर चियाएर बसिरहेकी थिएँ । के के न गर्लान् भनेको त कहिले धिपिक्क बलेको, कहिले झप्प निभेको अनुहार पारेर हेऱ्या छन् छन्, उभिया छन् छन् । दुवै पट्ट बोल्दैनन्, ओठ भने बिचबिचमा सगबगाएको देखिन्छ, बक्केभने फुट्तो रहेनछ । (रिमाल, २०४९, पृ. ८—९)

एकअर्कालाई पाउने इच्छाले उनीहरू छटपटिए पनि वाणीद्वारा त्यो प्रकट हुन पाएको छैन । शेखरकी आमाको भनाइबाट गङ्गाप्रति शेखर प्रेम झन् स्पष्ट हुन्छ । गङ्गाको बाले गङ्गा विवाह शेखरसँग हुन दिँदैन र अर्कै व्यक्तिसँग गङ्गाको विवाह गरिदिन्छ । त्यस बेलाको शेखरको अवस्थाबारे शेखरकी आमाले भनेकी छ :

> तँ गङ्गालाई साँच्चै नै प्रेम गर्छस् भन्ने कुरा त मैले गङ्गाको बिहेको दिन थाहा पाएँ । तिनताका मात्र मैले थाहा पाएँ । तिनताका तँ जिङ्ग्रिङ्ग परेको देखेर, तँ टोह्लाएको टोह्लायै भएको देखेर, तँ धुमधुमती बसेको देखेर, तिनताकाको तेरो त्यस्तो गतिपति देखेपछि यो मलाई पूरा थाहा भो— तँ गङ्गालाई प्रेम गर्छस् भनेर । तँलाई तिनताकाको आफ्नो कुराको सम्झना छ ? सिल्ली हुन मात्र बाँकी थियो ! (पृ. २९)

गङ्गाको विवाह अर्को व्यक्तिसँग भएपछि शेखरको इच्छा कुण्ठित हुन पुगेको छ । उसको वियोगवेदना आमाको भनाइबाट बुझिन्छ । शेखरले आफ्नो र गङ्गाका बिच भएको प्रेमसम्बन्धका बारेमा सानुबाबुसँग व्यक्त गरेको छ । पत्नीसँग राम्रो व्यवहार गरेको देखेर गङ्गा ऊप्रति झन् झन् लहसिँदै गएको उसको भनाइ छ । गङ्गाप्रतिको प्रेमबारे उसले भनेको छ :

> गङ्गासित बिहे भएन भने म बाँच्न सकुँला र भन्ने मलाई थियो । गङ्गाको बिहे केही गरी अर्कैसित भयो भने त्यो दिन निश्चय नै मेरो कलेजा फाट्छ, मेरो मुखबाट रगतको खोलै बग्छ कि जस्तो थियो, तर खोइ सानुबाबु, के भो ? केही न केही । (पृ. ४०)

गङ्गाको वियोगमा बाँच्न नसकिने जस्तो लागे पनि आफू बाँचिरहेको परिस्थितिप्रति उसको व्यङ्ग्य भाव प्रकट भएको छ । त्यस्तै अवस्था बिहे भएर छोरो जन्माइसकेकी गङ्गामा पनि देखिन्छ । उसले सानुबाबुसँग भनेकी छ :

> तरसर केही हैन, सानुबाबु । अब यो कुरा नउठाऊ । तिमी, भैगो भैगो, अरू केही बोल्न नखोज, त्यो कुरा तिमीले मलाई सम्झाई बुझाइरहनुपर्दैन । ती सब कुरा भोग्ने मै न हुँ । मेरो हृदय कति भोको छ, त्यो कसरी रोइरहेछ, त्यो त मलाई भन्दा बढ्ता तिमीलाई के थाहा छ र ? मन ज्यादै भुटभुटिने, ज्यादै भोकले चिच्याउने यही उमेर रहेछ, सानुबाबु । (पृ. २२)

गङ्गाले सानुबाबुसँग "म उहिलेकी गङ्गा हैन ! उहिलेकी गङ्गा त मरिसकी" (पृ. १९) भनेको कुराबाट पनि आफू शेखरका लागि मरेसरह भएको भन्ने बुझिन्छ । उसले शशिले भनेकी भनेर "ओहो दिदी, शेखर जिउँदै छ, तँ विधवा ! दिदी, मरेको तेरो पोइ होइन, शेखर हो" (पृ. २३) सानोबाबुलाई सुनाएबाट शेखरप्रति उसको अनुराग झल्किन्छ । अझ उसले

सानुबाबुसँग "त्यो अपहत्ते गरेर मरिसकेको प्रेमलाई ब्यूँताउन नखोज है, सानुबाबु । त्यो प्रेम जली सिद्धिसक्यो" (पृ. २२) भन्छे । उनीहरूको प्रेम थाहा पाएर मान्छेहरू गङ्गाको छोरा शेखरको हो भनेर बात लगाउन पनि पछि पर्दैनन् । गङ्गा शेखरलाई पाउनका लागि लोग्नेले आफूलाई परित्याग गरोस् भनेर विभिन्न किसिमका उपद्रव गर्न थाल्दछे । लोग्नेको मृत्यु भएपछि उसको बाटो खुला हुन्छ । लोग्ने मरेको वर्ष दिनको काम सकिएपछि ऊ माइत आउँछे । सानुबाबुले उसलाई फेरि शेखरको प्रेमप्रसङ्ग सम्झाउन थाल्छ, शेखरप्रति आकर्षित गराउने प्रयत्न गर्न थाल्छ । सानुबाबुले उता शेखरलाई पनि गङ्गासँग मिलाउने प्रयास गर्छ । साँच्चि नै शेखर सानुबाबुका साथ गङ्गालाई भेट्न आएपछि गङ्गामा शेखरप्रतिको अनुराग जागृत भएर आउँछ । त्यस प्रेममा उसले छोरालाई तगारोका रूपमा हेर्न थाल्छे र त्यसप्रति उसमा पापभावना उत्पन्न हुन्छ । त्यही भएर ऊ भोकले रोइरहेको छोरालाई दूध खुवाउन पनि जाँदिन ।

निश्चय नै गङ्गामा शेखरलाई प्राप्त गर्ने इच्छा तीव्र छ, तर नैतिक चेतना पनि उसमा उत्तिकै प्रबल देखिन्छ । त्यो कुरा उसको स्वप्न अभिव्यक्तिबाट बुझ्न सकिन्छ । उसले शशिसँग राम्रो वा नराम्रो जेजस्तो भए पनि बिर्सन नसकिने सपना देखेको कुरा सुनाउँछे । उसले सपनामा आँखाअगाडि चोरऔंला ठड्याउन आएको र उसको त्यो हँसिलो आँखा अलि–अलि गरेर पत्थर जस्तै हुँदै गएको कुरा भन्छे । ऊ सपनामा एउटा डरलाग्दो भीरबाट म खस्नै आँटेको हुन्छे । त्यो अँध्यारो, गहिरो, तल खोला जस्तो डरलाग्दो कराएको मात्र सुनिने, अरू केही पनि नदेखिने कहालीलाग्दो भीर रहेछ । कुन्नि कसरी कसरी ऊ त्यहाँ पुगिछ । खसैँ खसैँ जस्तो लागेको बेला ऊ चिच्याउन खोज्दिरहिछ, आवाज बन्द भएर चिच्याउन नसक्ने रहिछ । त्यसैबेला एक मुस्लो उज्यालो कताबाट हो आएछ र यस्सो हेर्दा त ऊ आफ्नो लोग्नेको काखमा पल्टेर उसको मुख हेरेर दङ्ग परिरहेकी रहिछ । उसको आँखा निकै हँसिलो, उज्यालो रहेछ । उसले सपनाका बारेमा भन्दै जान्छे :

> अनि फेरि के भो के तेरो भिनाज्यूको हाँसो कता गो कता । हावामा उडेर गए जस्तो मैले पनि उडेर गएको देखे–देखे जस्तो । म गयो गयो भनेर चिच्याउँदिरहिछु, गइहाल्यो केही लागेन । अनि उनको मुख हेर्छु त आँखा पनि निभ्दै गो डरलाग्दो हुँदै गो । अनि त पत्थर जस्तै भैगो भैगो । त्यसो हुँदाहुँदै उनको दाहिने हातको चोर औँला पनि ठाडो भएर आउँदै ठिक मेरो नाकमाथि आएर झुन्डिरह्यो । हात पनि हराउँदै गयो । म पनि हराएँ, खालि त्यो डरलाग्दो आँखा र त्यो चोर औँला मात्रै बाँकी भो । (पृ. ६०)

उसको सपना मनोविश्लेषणका दृष्टिले महत्त्वपूर्ण छ । गङ्गा सपनामा भीरबाट खस्न लागेको अवस्था चारित्रिक पतनको भय हो, पतिका आँखा र चोरऔंलो नैतिक चेतनाको स्वप्नबिम्ब हो, जसले उसलाई संरक्षण दिँदै पतनतिर जानबाट सावधान पार्छ (उपाध्याय, २०४९, पृ. २५३) । विधवाले परपुरुषको कामना गर्नु वा पुनर्विवाहको इच्छा गर्नुलाई गङ्गाले अनैतिक ठानेकी छ । नैतिक चेतना अर्थात् पराहम् प्रबल भएपछि ऊ शेखरलाई भित्र आउनबाटै रोकी छोरालाई राम्ररी पालनपोषण गरी हुर्काउने अठोट गर्छे । वात्सल्य प्रेमले उसलाई त्यसो गर्न लगाउँछ । गङ्गाको नारीसुलभ मातृत्वले नै उसलाई कर्तव्यपथबाट विचलित हुनबाट बचाएको छ (जोशी, २०३७, पृ. ८१) । छोरालाई काखमा लिएर दूध चुसाइरहेका बेला गङ्गाले आफ्नो पतिले "संसारमा सबभन्दा राम्रो दृश्य— आमा" (रिमाल, २०४९, पृ. ८०) भनेको झलझली सम्झिन थाल्दछे । उसले शशिसँग "आखिरमा प्रेम–प्रेम भनेर जीवनभर जस्तो चिच्याइयो । तर मर्ने बेलासम्ममा पनि यो भोको दिलले यो प्रेमको धमिलो सङ्केतभन्दा बढ्ता केही पाउला जस्तो लाग्दैन शशि !" (पृ. ८५) भन्छे । यो उसको अचेतनको इच्छाको अतृप्ति हो । यो प्रेम ! नाटकका पात्रहरू अतृप्त यौनले पीडित र कुण्ठित छन् (प्रधान, २०३२, पृ. ६७) । त्यो मनोविश्लेषणका दृष्टिले महत्त्वपूर्ण छ । रिमाल सामाजिक यथार्थको बाह्य सतहमा मात्र दृष्टि दिँदैनन्, त्यसभित्र अन्तर्निहित मानवीय समस्यालाई पनि विवेचनात्मक दृष्टिबाट हेर्छन् (आचार्य, २०६६, पृ. ६४) । मनोविश्लेषणको प्रयोगले रिमालका नाटक अझ विश्वसनीय, स्वाभाविक र जीवन्त बन्न पुगेको छ ।

गङ्गाकी बहिनी शशि सत्रअठार वर्षकी युवती हो। उसमा स्वाभाविक इच्छाहरू छन्। घरमै बसे पनि सिँगार गरेर बस्ने इच्छा देखिन्छ। उसले सानुबाबुसित भन्छे— "कत्ति सधैँ झुम्री भएर बस्नु हगि ? आज कति दिनपछि एकचोटि सिँगारिई हेरूँ भनेर' (रिमाल, २०४९, पृ. २)। मनोविश्लेषणका दृष्टिले शशिको भूमिका ज्यादै महत्त्वपूर्ण छ। सानुबाबुले शशिलाई, शशिले शेखरलाई मनपराउने भएकाले नाटकीय कार्यव्यापार पेचिलो बनेको छ। सानुबाबु उसको दाजुले जर्नेलसाहेबलाई सकेसम्म भनसुन गरेर शशिको बाबुलाई जागिर मिलाइदिने र दर्खास्त दिन जाने रे भन्ने निहुँले शशिलाई भेट्न आउँछ। उसले घुमाउरो ढङ्गमा आफू पत्नीसँग सन्तुष्ट नभएको र शशि बहिनी भए पनि पत्नीका नाताले साली पर्ने र बिहे गर्न हुने बहिनी भनी आफ्नो मनको भाव व्यक्त गर्दछ। शशिले सानुबाबुको कुरा राम्ररी बुझेपछि "हेरूँ शेखर र गङ्गाको के हुन्छ, त्यसबाट मैले धेरै कुरा सिक्नु छ" (पृ. १७) भन्छे। शेखरप्रति आसक्ति नभए सानुबाबुको प्रस्ताव गङ्गा र शेखरबिचको सम्बन्धको परिणाम हुनुपर्ने केही कारण देखिँदैन। उसको शेखरप्रतिको आकर्षणको कारण यसरी केलाइएको छ :

> एक किसिमले दुइटा मान्छे ठिङ्ग उभिइरहेको हेरिरहन झर्कोलाग्दो पट्यारलाग्दो हैन ? हो हगि, तर यी दुइटालाई त्यहाँ त्यसरी उभिइरहेको हेरिरहन म अघाउँदै अघाइनँ। हेरिरहुँ जस्तो। आखिरमा को हो तल ओर्लेको आवाज सुनेर शेखर जाऊँ है भन्दै तीनचारचोटि फर्की–फर्की हेरेर बाहिर निस्क्यो। गङ्गा पनि उसै गरेर लामो सास फेर्दै भित्र पसी। चियाएर बसिरहेको ठाउँमा आइपुगेपछि झन् लामो सास फेरी। मेरो पनि उत्तिकै लामो र गहिरो सास मुखबाट निस्क्यो। त्यो दिन किन हो किन मैले शेखर र गङ्गा भेटेर आफ्नो तर्फबाट यसो गरे उसो गरे भन्ने कुरा जोरेर कुरा लाउनु त परै जाओस्, साँचो कुरा पनि भनिनँ। (रिमाल, २०४९, पृ. ८—९)।

चेवा गर्दागर्दा पछि शशि पनि उनीहरूको व्यवहारबाट प्रभावित भएकी छ। ऊ नजानिँदो किसिमले शेखरप्रति आकर्षित हुन थालेको देखिन्छ। त्यसलाई पछि गङ्गाले "तँ भिनाज्यू जस्तोसित लहसिएकी साली जस्तो मात्रै होस्। मलाई शेखरले प्रेम गरेको देखेर उसको प्रेम मैले पाए जस्तै पाउन भित्रभित्रै तँलाई रहर लागेको मात्र हो" (पृ. ८५) भनेकी छ। जे भए पनि, शशिले सानुबाबुसँग शेखरका बारेमा सोध्ने, शनिबार त फुर्सद हुँदो कि भन्ने, दिदीको आज्ञाअनुसार शेखर र सानुबाबुलाई भित्र आउन नदिनका लागि ढोका लगाएर बस्ने र तिनीहरू आएपछि अबदेखि नआउन भन्ने अनि उनीहरू गएपछि गङ्गाको खुट्टानिर आएर घोप्टिएर डाँको छोडेर रुने गरेबाट शेखरप्रति शशिको आसक्ति देखिन्छ। तर त्यो पूरा हुन पाउँदैन।

सानुबाबु शशिलाई पाउन चाहन्छ र त्यसका लागि विभिन्न किसिमका प्रयत्न पनि गर्छ। उसले शशिसँग आफ्नी पत्नीमा आफूले चाहे जस्तो ढङ्ग नभएकाले सन्तुष्ट हुन नसकेको बताएको छ। आफ्नो आशय प्रकट गरे पनि शशिले शेखरप्रति रुचि देखाएकाले सानुबाबुले गङ्गा र शेखरको प्रेमलाई पुनर्जीवित गराएर शशिबाट शेखरलाई हटाउने जाल रच्दछ। उसले गङ्गालाई भेट्न शेखरलाई ल्याउने कुरा गर्छ, शेखरलाई गङ्गा आएको र उसलाई भेट्न जाने कुरा गर्न जान्छ। उसले शेखरकी आमालाई गङ्गा र शेखरको केकसो हुने हो भन्ने नहेरी अहिले विवाह नगरिदिन भन्छ। उसको आशय गङ्गा र शेखर दुवैले बुझेका छन्। गङ्गाको नैतिक चेतना प्रबल भएपछि सानुबाबुको प्रयत्न सफल हुन पाउँदैन।

**हीनताको भावना**

अल्फ्रेड एडलरद्वारा प्रतिपादित मनोविश्लेषणात्मक सिद्धान्त वैयक्तिक मनोविज्ञानका हो। वैयक्तिक मनोविज्ञानको मूल आधार हीनताको भावना हो। उनका अनुसार शिशुलाई आफ्नो लिङ्ग सानो भएको वा लिङ्गको अभाव भएको अनुभूति हुन थालेपछि त्यस भावनाले आङ्गिक हीनताको रूप लिन पुग्छ। त्यसप्रकारको हीनताको भावना बाह्य वातावरण अर्थात् सामाजिक वातावरणका कारणले हुन्छ (एडलर, सन् १९५६, पृ. २७)। यसलाई लिङ्ग–ईर्ष्या सिद्धान्त भनिन्छ।

शिशुमा आङ्गिक हीनताको अनुभूतिबाट हीनताग्रन्थिको विकास हुन्छ । कमी, बिरामी र कमजोरी जस्ता कुराले विशेषगरी आरम्भिक चरणमा हीनताको अनुभूतिको उदय गराउँछन् । हीनताको भावनाद्वारा हीनताग्रन्थिको विकास हुन्छ । समाजोपयोगी ढङ्गमा समाधान हुन नसकेका र समस्या कायम रहेका हीनताको भावनालाई हीनताग्रन्थि भनिन्छ (पृ. २५८) । हीनताग्रन्थि एक प्रकारको मानसिक समस्या हो ।

उच्चताको भावना हीनताको भावनासँग जोडिएको हुन्छ । एडलरले हीनतामाथि विजय प्राप्त गर्ने प्रयत्नलाई उच्चताका लागि सङ्घर्ष भनेका छन् । व्यक्तिका प्रत्येक मनोवैज्ञानिक क्रिया उच्चताका लागि सङ्घर्ष हो । यो जित, सुरक्षा, वृद्धि आदिका लागि सङ्घर्ष हो (पृ. १०३) । श्रेष्ठता विजय, धन, कला, सुख, ज्ञान, स्वच्छता, सम्मान आफैमा हीनताबाट मुक्त हुने र उच्चता प्राप्त गर्ने उद्देश्य हुन् । हीनताग्रन्थिझै "उच्चताग्रन्थि पनि हुन्छ । ग्रन्थि भनेको हीनता वा उच्चताको अतिशय अवस्था हो (पृ. २५९) । यो शारीरिक वृद्धि र जीवनका ताङ्खिवक आवश्यकतासँगै चलिरहन्छ ।

क्षतिपूर्ति एडलरको अर्को मान्यता हो । लिङ्ग वा शरीरका अन्य अङ्गको लघुताका कारण हीनताको भावना उत्पन्न हुन्छ । सानो अङ्गको विकासका साथै हीनताको अभाव नहुँदासम्म असन्तुष्ट मागहरूको वृद्धि भइरहन्छ । त्यस्तो अवस्थामा जोडी अङ्ग वा अन्य अङ्गले पूर्ण वा आंशिक रूपमा स्थानापन्न भएर कार्य गर्न सक्छ । त्यही नै क्षतिपूर्ति हो (पृ. २५) । यो क्षतिपूर्तिको प्रयास प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जीवनपर्यन्त चलिरहन्छ किनकि हीनताको भावना अल्प वा अधिक मात्रामा बनिरहन्छ । अधिक क्षतिपूर्तिले मानसिक समस्या उत्पन्न हुन्छ (पृ. २८) । एडलरले पौरुष विरोधलाई पनि अधिक क्षतिपूर्तिका रूपमा व्याख्या गरेका छन् ।

प्रस्तुत नाटकमा शेखर हीनताग्रन्थिले ग्रस्त देखिन्छ । अर्कासँग विवाह भएर गङ्गालाई गुमाउनुपरेको र आफ्नी पत्नीको पनि मृत्यु भएका कारण उसमा हीनताग्रन्थि उत्पन्न भएको छ । उसले आफूलाई पत्नीको हत्यारा ठानेको छ र त्यो कुरा सानुबाबुसँग प्रकट गरेको छ । उसले भन्छ :

> बुझ्यौ सानुबाबु, अघि आमाको अगाडि आमाले के भनिठान्नुहोला भनेर मात्रै मैले नभनेको, म ज्यानमारा हुँ ! बुझ्यौ सानुबाबु, मेरो स्वास्नीलाई मैले मारेको हुँ । कुनै हतियारले होइन, यो हातले अँठ्याएर पनि हैन, यो लात्तीले थिलथिलोपारेर पनि हैन, विष ख्वाएर पनि हैन । कसैले समात्नै नसक्ने किसिमले । (रिमाल, २०४९, पृ. ३६)

उसले आफ्नी पत्नीलाई राम्रो व्यवहार, प्रेमको स्वाङ गरेर मारेको भन्छ । स्वास्नीप्रति उसको असल व्यवहार देखेर सबैले उसकी पत्नीलाई देउता जस्ता पति पाएको भाग्यमानी ठाने पनि त्यो झुटो हो भन्ने उसको भनाइ रहेको छ । बाहिर हाँसे पनि ऊ आफ्नो पनि अर्कै आइमाईसँग लहसिएको पीरले गल्दै गएकी थिई । त्यही पीरले ऊ मरेकी हो । उसले भन्छ— "त्यो दुविधामै शङ्कै शङ्काले मुटु खाएर मरी । त्यो मुटुकै रोगले मरेकी न हो" (पृ. ३९) । पत्नीसँग उसको राम्रो व्यवहार देखेर नै गङ्गा ऊप्रति आकर्षित हुँदै गएकी हो भन्ने उसको कथन रहेको छ । उसले भनेको छ :

> म कस्तो पापी हुँ, सानुबाबु, मनमा चाहिँ यो मरिदिए हुन्थ्यो भन्ने जस्तो पाप लुकाएर पनि म त्यल्लाई हँसिलो मुखले अँगालोसमेत हाल्न सक्दथेँ । मनले चाहिँ गङ्गा गङ्गा भनेर चिच्याइरहेको हुन्थ्यो, मुखमा चाहिँ कत्ति न उसैलाई प्रेम गरे जस्तो गरेर उसैको नाउँ हुन्थ्यो ! (पृ. ३८)

उसले आफ्नो राम्रो व्यवहारलाई कायरता भनेको छ । उसले गङ्गालाई विवाह गर्न नसकेको आफ्नो कमजोरीले गर्दा, कातरताले गर्दा हो, आफू कायर भएकाले नै आत्महत्या पनि गर्न नसक्ने भन्छ । उसले भनेको छ :

> के तिमीले मैले आत्महत्या गरुँला भन्ठानेको छ ? म जस्तो चुत्थो काथर मान्छेबाट त्यो बहादुरी होला भनेर तिमी सपनामा पनि नदेख । .... हेर, मेरो गङ्गासितको बिहे नभएको कुरा लिउँ । .... पहिले कुरा त सुन । तिम्रो सानुबासित गएर मैले राम्ररी कुरै गरिनँ । डराएँ, राम्ररी बोल्नै सकिनँ । (पृ. ४१)

यी भनाइ पत्नी र प्रेमिका दुवै आफूबाट गुमेको हीनताबोध हो । उसले आफूले गङ्गासँग प्रेम गरेको भए जसरी पनि बिहे गर्न सक्नुपथ्र्यो, आफू कातर भएकाले त्यसो हुन नसकेको भनेर उसले आफूमाथि दोष थोपरेको छ । त्यसैले उसले आफूले गङ्गासित प्रेम गरेको नभएर बदमाशी गर्न खोजेको भनेको छ ।

गङ्गा पनि प्रेममा असफता र पतिको मृत्युका कारण हीनताको भावनाले ग्रस्त बनेकी छ । परपुरुषको इच्छा र आफ्नो पतिप्रति पापभावना सोचेकाले पतिको मृत्यु भएको हो भन्ने उसले धारणा बनाएकी छ । अहिले छोरा भएकाले शेखरले नलैजाने भन्ने मानसिक उपजले छोराप्रति पनि पापभावना जागृत भएको छ । पापभावना चिताएकाले पतिको मृत्यु भए जस्तै छोराको पनि मृत्यु होला भन्ने उसमा डर छ । त्यही भएर उसले शशिलाई भन्छे :

> हो, रोइरहेछ, मलाई पनि थाहा छ । तर कसरी जाने यस्तो मन लिएर ! जाने आँटै आउँदैन । मफतमा गाउँ छोडेर, आफ्नो घर छोडेर म यहाँ आएँ । आएदेखि यो मनै बिग्रियो ! अस्ति कसले भनेर हो कि आफ्नो विचार आफ्नै कानमा भन्केको हो— शेखरले मलाई नलैजाने मेरा छोरो भएर रे ! त्यसै बेलादेखि मेरो मन के भो, के भो । त्यसै भएर एउटाको टाउको त खाइहालेँ, अब अर्को बाँकी छ । (पृ. ७७)

गङ्गा छोरालाई राम्ररी हुर्काएर प्रायश्चित्त गर्न चाहन्छे, हीनताको भावना मनबाट पखाल्न चाहन्छे । उसले छोरालई मान्छे तुल्याएर आफू सती हुन चाहन्छे ।

## आनुवंशिकता

कार्ल गुस्ताभ युङ्गको मनोविश्लेषणको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ । फ्रायडका प्रमुख अनुयायी भए पनि पछि एडलरजस्तै उनी पनि फ्रायडबाट छुट्टिए र उनले मनोविज्ञानको अर्कै सम्प्रदायको स्थापना गरे । त्यसलाई विश्लेषणात्मक मनोविज्ञान भनिन्छ । युङ्गका अवधारणाहरूमा आद्यस्वरूप, अचेतन, व्यक्तित्वका प्रकार महत्त्वपूर्ण छन् । विभिन्न पुराण, धर्मशास्त्र, संस्कृति आदिको अध्ययनबाट युङ्गले मनोविश्लेषणात्मक सिद्धान्तको प्रतिपादन गरेका छन् । आद्यस्वरूप खोज उनको मौलिक योगदान हो । आद्यस्वरूपलाई आद्यबिम्ब पनि भनिन्छ । आद्यस्वरूप आदिम मानिसहरूको सामूहिक अनुभूति हो । युङ्गका अनुसार सामूहिक अचेतन नै आद्यस्वरूप हो (युङ्ग, सन् १९६९, पृ. ४) । आद्यस्वरूप मानिसमा आदिम कालदेखि आनुवंशिक रूपमा प्राप्त हुँदै आएको छ । मानिसका आदिम अन्तर्ज्ञानले विभिन्न प्रकारका शक्तिहरूलाई मानवीकरण गरेका रूपद्वारा नै आदिम रूप वा बिम्ब स्थापित भएका हुन् (युङ्ग, सन् १९५८, पृ. २१) । उनले अचेतनलाई फ्रायडले भनेजस्तो व्यक्तिको दमित वासनाहरूको भण्डार मात्र नमानेर आनुवंशिक अनुभूति मानेका छन् । उनले चेतनलाई अचेतनका तुलनामा गौण मानेका छन् । चेतन प्रगाढ, एकत्रित र नश्वर हुन्छ र यो तात्क्षणिक वर्तमान र तात्कालिक मनोयोगबाट निर्देशित हुन्छ । यसमा व्यक्तिका थोरै समयका अनुभवका सामग्रीहरू हुन्छन् । अचेतन निकै व्यापक हुन्छ, तर विस्मृतिमा हराएको हुन्छ । अचेतनले पर्याप्त विषम तत्त्वहरूलाई विरोधाभासी ढङ्गबाट सँगसँगै राख्न सक्छ । युङ्गका अनुसार अचेतन सामूहिक अचेतन र वैयक्तिक अचेतन गरी दुई प्रकारको हुन्छ । सामूहिक अचेतन एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने वंशानुगत तत्त्वको व्यापक सञ्चित भण्डार हो (युङ्ग, सन् १९३३, पृ. २१५) । वैयक्तिक अचेतन व्यक्तिविशेषको जीवनको अनुभवबाट निर्मित हुन्छ । सामूहिक अचेतन आधार हो र यसैबाट चेतन विकसित हुन्छ (पृ. १९०) । उनले सामूहिक अचेतनलाई महत्त्व दिएका छन् ।

शेखरमा घरमा स्वास्नी हुँदाहुँदै पनि अन्य नारीसँग प्रेम गर्दै हिँड्ने प्रवृत्ति आनुवंशिक गुणका रूपमा देखापर्दछ । उसका भनाइअनुसार उसका बाजेका चारओटा स्वास्नी थिए । उसका बाबुले धेरै बिहे नगरे पनि बहुनारीगामिताको प्रवृत्ति उनमा पनि रहेको थियो । शेखरले सानुबाबुसँग भन्छ— "तर बाले पनि बदमाशी गर्न त छोड्नुभएन । नोकर्नीहरूसँगको कुरा तिमीलाई थाहै छ । अन्त पनि छुन्छुराउनुहुन्थ्यो । .... रह्यो बदमाशीको कुरा, त्यो त मेरो रगतमा छ" (रिमाल, २०४९, पृ. ४४) । त्यही भएर सानुबाबुको आग्रहमा गङ्गालाई भेट्न जाने कुरालाई व्यङ्ग्यका रूपमा बदमाशी गर्न जाने भन्छ ।

गङ्गाले शशिसँग आफ्नो लोग्नेको पुख्यौंली विशेषताका बारेमा बर्णन गर्छे । उनीहरूको पुर्खादेखि लिएर अहिलेसम्म एउटा छोरादेखि बढ्ता कसैले पनि जन्माउन सकेका रहेनछन् । उनीहरूले अरू सन्तानका लोभले अर्को बिहे पनि नगर्दारहेछन् । गङ्गाका भनाइअनुसार "तर यिनीहरूको खलकमा सबभन्दा उदेकलाग्दो, सबभन्दा डरलाग्दो कुरा त के रहेछ भने, यिनीहरू सबै सन्तान दरसन्तान नै बिहे गरेपछि हाँस्नै छोड्दा रहेछन्, हाँस्नै नसक्ने रे" (पृ. ६३) । गङ्गाले आफ्नो लोग्ने पछिल्लोचोटि मुसुक्क हाँसेको देखेको स्वयम्बरको दिन रहेछ । त्यसरी हाँस्न नसक्नुका कारण कसैले पुख्यौंली रोग भन्दारहेछन्, कसैले चाहिँ सतीको सराप परेको भन्दारहेछन् । त्यसबारे कुरा के रहेछ भने गङ्गाको लोग्नेको एउटा पुर्खाबाजेले त्यो इलाकाभरिकी राम्री स्वास्नीमान्छे बडो हत्ते गरेर, बडो मुस्किलले बिहे गरेछन् । त्यस्ती राम्री र असल स्वास्नी बिहे गर्न पाएर उनी निकै खुसी भएका थिए रे, तर बिहे गरेर ल्याएको केही दिनपछिदेखि नै उनलाई आफ्नी पत्नी छिमेकी पुरुषसँग लहसिँदै गएको भन्ने शङ्का लाग्न थालेछ । त्यो उनको मनको शङ्का मात्र रहेछ । शङ्का गर्दागर्दै उनले पत्नीलाई पहिले त गाली र्न थालेछन्, पछि पिट्न थालेछन् र आखिरमा एकदिन आधारातमा घरबाट निकालि नै दिएछन् । अनि ती बज्यै सरासर त्यही शङ्का गरेकै मान्छेकहाँ पुगी उसको पाउ परेर भनिछन्— "सपनामा पनि नचिताएको मान्छेसित बात लाइदिए । मफतमा म यो बिचल्ली किन भोगूँ । तपाईँ, बिन्ती छ मलाई राख्नोस्" (पृ. ७४) । छिमेकी पुरुषले आफू चिताउँदै नचिताएको कुरा भएकाले ती महिलालाई राखेनछ । त्यसपछिको कुरा कसैलाई राम्ररी थाहा नभए पनि कोहीले पुर्खाबाजेले आत्महत्या गरे र बज्यै उनकै सती गइन् भन्दारहेछन् । अनि गङ्गा भन्छे— "अँ, यसरी ती बाजेको धकधकी र दिक्दारी पुर्खौली रोग भएर हरेक सन्तानको रगतमा आयो हगि ?" (पृ. ७४—७५) । पछि गएर कुनै सन्तान हाँस्न सक्ने विश्वास उनीहरूमा रहेछ ।

**निष्कर्ष**

गोपालप्रसाद रिमालको यो प्रेम ! नाटकमा पात्रको चारित्रिक विशेषता मनोविश्लेषणात्मक आधारमा प्रस्तुत गरिएको छ । यस नाटकमा पात्रले भोगेका विभिन्न समस्याहरूलाई देखाउने क्रममा मनोविश्लेषणात्मक सन्दर्भ पनि प्रशस्त आएका छन् । त्यो आन्तरिक परिस्थितिसँग सम्बन्धित छ । मनोविश्लेषणात्मक सिद्धान्तको स्थापना सिग्मन्ड फ्रायडले गरेका हुन् । उनको सिद्धान्त अचेतनको अवधारणामा आधारित छ । मनोविश्लेषणात्मक सिद्धान्तको विकासमा अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्गका योगदान पनि महवपूर्ण छ । एडलरको वैयक्तिक मनोविज्ञान हीनताग्रन्थि र युङ्गको विश्लेषणात्मक मनोविज्ञान आद्यस्वरूपको अवधारणामा आधारित छन् । यस अध्ययनमा फ्रायड, एडलर र गुस्ताभ युङ्गका सिद्धान्तलाई मनोविश्लेषणात्मक अध्ययनको मुख्य आधार बनाइएको छ र अचेतनका इच्छा, हीनताग्रन्थि र आद्यस्वरूप त्यसका सूचक रहेका छन् । अचेतनमा दमित इच्छाहरू हुन्छन् र ती सन्तुष्टिका लागि सधैँ सक्रिय रहेका हुन्छन् । गङ्गा र शेखरको प्रेम प्रगाढ भए पनि विवाह हुन नपाएकाले उनीहरूको इच्छा दमित हुन पुगेको छ । विवाहित शेखरलाई गङ्गाको बाबुले छोरी दिन नचाहेको र गङ्गा विधवा भएपछि नैतिक चेतना र वात्सल्य प्रेमले गङ्गालाई शेखरसँग लहसिनबाट रोकेका कारण उनीहरूको अचेतनको इच्छाले अभिव्यक्ति पाउन सकेको छैन । शेखरप्रतिको शशिको अचेतनको इच्छा शेखरलाई ढोकाबाटै फर्काएपछि कुण्ठित हुन पुगेको छ । आफूले प्रेम गरेको प्रेमिकाको अर्का मान्छेसँग विवाह हुनु र घरकी पत्नीको पनि मृत्यु हुनुबाट शेखरमा हीनताको भावना विकसित भएको छ भने आफूले पाप चिताएकाले पतिको मृत्यु भएको र त्यही भावनाले गर्दा छोराको पनि मृत्यु हुन्छ भन्ने कुराले गङ्गामा हीनताको भावना उत्पन्न भएको छ । यस नाटकका पात्रमा

आनुवंशिक गुण पनि रहेको पाइन्छ । शेखरमा बहुनारीगामिताको चारित्रिक विशेषता बाजेबाबुदेखि नै आएको देखिन्छ । त्यसैगरी गङ्गाको पतिमा विवाहपश्चात् हाँस्न नसक्ने र सन्तानमा एउटा मात्र छोराको जन्म हुने पुख्र्यौली समस्या विद्यमान रहेको पाइन्छ । यसप्रकार प्रस्तुत नाटकमा पात्रका आन्तरिक समस्यालाई मनोविश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यसले नाटकलाई विश्वसनीय, प्रभावकारी र जीवन्त तुल्याएको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, व्रतराज (२०६६). आधुनिक नेपाली नाटक. साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९). रिमाल : व्यक्ति र कृति (तेस्रो संस्क.). साझा प्रकाशन । (मूल कृति प्रकाशित २०३२)

जोशी, रत्नध्वज (२०३७). नेपाली नाटकको इतिहास. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

प्रधान, प्रतापचन्द्र (२०३२). फ्रायडवादी साहित्यकारको रूपमा रिमाल. खेम कोइराला 'बन्धु' (सम्पा.), नौलो नेपाली, ८(२), ६४—६९ ।

रिमाल, गोपालप्रसाद (२०४९). यो प्रेम ! (चौथो संस्क.). साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०२५). आधुनिक नेपाली नाटक. कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), साझा समालोचना (पृ. ४६८—४७६). साझा प्रकाशन ।

Adler, A. (1956). *The individual psychology of Alfred Adler: A systematic presentation in selections from his writings* (H. L. Ansbacher & R. R. Ansbacher, Eds.). New York: Basic Books, Ink.

Freud, S. (1910). The Origin and development of psychoanalysis. *The American journal of psychology*, 21(2), 181–218. Retrieved from http://www.jstor.com/stable/1413001

Freud, S. (1920). *A general introdction to psychoanalysis* (S. Hall, Trans.). Horace Liveright.

Freud, S. (1955). *The interpretation of dreams* (J. Strachey, Trans.). New York: Basic Books.

Freud, S. (1957). *The standard edition of the complete psychological works of Sigmund Freud (Vol. XIV), On the history of the psychoanalytic movement* (J. Strachey, Ed. & Trans.). The London: Hogarth Press Limited.

Freud, S. (1960). *The ego the id* (J. Riviere, Trans., J. Strachey, Ed.). New York & London: W. W. Norton & Company.

Jung, C. G. (1933). *Modern man in search of a soul*. London: Routledge & Kegan Paul Ltd.

Jung, C. G. (1958). *Essays on contemporary events* (R. F. C. Hull, Tras.). London & New York: Routledge & Kegan Paul Ltd.

Jung, C. G. (1969). *The archetypes and the collective unconscious* (R. F. C. Hull, Tras., 2nd ed.). New York: Princeton University Press.